


नेपाल स्काउट

# पोशाक तथा वायज निर्देशिका

**Nepal Scouts**
National Headquarters

©Nepal Scouts National Headquarters

Lainchaur, Kathmandu, Nepal
Postal Address: P.O. Box 1037
email: info@nepalscouts.org
www.nepalscouts.org
Tel: +977 1 4419001
Fax: +977 1 4413369

# पोशाक तथा वायज निर्देशिका २०७८

# विषय पेज नं.

**परिच्छेद - १** ८
१.१ औपचारिक पोशाक
१.१.क कब/ ब्राउनी
१.१.ख ब्वाय/गर्ल स्काउट
१.१.ग भेन्चर ब्वाय / गर्ल स्काउट
१.१.घ रोभर/रेन्जर स्काउट
१.१.ङ स्काउटर तथा पदाधिकारी
१.२ अनौपचारिक पोशाक
१.२.क कब/ ब्राउनी
१.२.ख ब्वाय/गर्ल स्काउट
१.२.ग भेन्चर ब्वाय / गर्ल स्काउट
१.२.घ रोभर/रेन्जर स्काउट
१.२.ङ स्काउटर तथा पदाधिकारी
१.२.च तालिम पोशाक

**परिच्छेद - २** १५
स्काउट स्कार्फ सम्वन्धी व्यवस्था (Scarf of Various Sections)
२.१ नेपाल स्काउटको स्कार्फ (नेपाल स्कार्फ)
२.२ इकाई वा समूहको स्कार्फ
२.३ बि.टि.सि / पि.टि.सि (आधारभूत स्काउट तालिम) सवै खण्ड (रोभर/रेन्जर र भेन्चर, स्काउट कव/ब्राउनी)
२.४ एडभान्स तथा उडवायज स्कार्फ
२.४.क पुरूष स्काउट एडभान्स स्कार्फ
२.४.ख महिला स्काउट एडभान्स स्कार्फ
२.५ राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक
२.६ विशेष प्रकारको स्कार्फ

**परिच्छेद - ३** १९
नेपाल स्काउटका वायजहरू (Badges of Nepal Scouts)
३.१ नेपाल स्काउट वायज (Nepal Scouts Strip Badge)
३.२ सदस्यता वायज (Membership Badge)
३.३ विश्व वायज (World Badge)
३.४ स्वीटर, ज्याकेट र कोट वायज (Blazer Badge)
३.५ विशेष वायज (Event Badge)

**परिच्छेद - ४** २१
खण्डगत वायजहरू
४.१ कव/ब्राउनी खण्ड
४.१.क तारा वायज (Star Badge)
४.१.ख चन्द्र वायज (Moon Badge)
४.१.ग सूर्य वायज (Sun Badge)
४.१.घ राष्ट्रपति वायज (President Badge)
४.२ पोशाकमा रहने अन्य वायजहरू
४.२.क कब / ब्राउनी कलर प्याच (Color Patch)
४.२.ख दर्ता नम्बर (Registration Number)
४.२.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)
४.२.घ काँध पट्टि (Epaulette)
४.२.ङ Name Patch
४.२.च कुमको वायजहरू (Shoulder badges)
४.२.छ पदोन्नति वायज (Going Up and Flying Up Badge)
४.२.ज दक्षता वायज (Proficiency Badges)

४.३ कव/ब्राउनी खण्डको मास्टर वायजहरू
- ४.३.क Cub Master/Brown Owl
- ४.३.ख कुमको वायजहरू (Shoulder Badges)
- ४.३.ग काँध पट्टि (Epaulette)
- ४.३.घ सेवा चिन्ह (Service Star)

४.४ व्याय / गर्ल स्काउट खण्ड
- ४.४.क वेडेन पावेल शिखर वायज (Baden Powell Peak Badge)
- ४.४.ख अन्नपूर्ण वायज (Annapurna Badge)
- ४.४.ग कन्चनजंघा वायज (Kanchanjunga Badge)
- ४.४.घ सगरमाथा वायज (Everest Badge)
- ४.४.ङ राष्ट्रपति वायज (President Badge)

४.५ पोशाकमा रहने अन्य वायजहरू
- ४.५.क ब्याय/ गर्ल स्काउट पेट्रोल चिन्ह (Patrol Emblem)
- ४.५.ख दर्ता नम्बर (Registration Number)
- ४.५.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)
- ४.५.घ सेवा चिन्ह (Service Star)
- ४.५.ङ काँध पट्टि (Epaulette)
- ४.५.च Name Patch
- ४.५.छ कुमको वायजहरू (Shoulder Badges)
- ४.५.ज पदोन्नति वायज (Advancement Badge)
- ४.५.झ दक्षता वायज (Proficiency Badges)

४.६ व्याय / गर्ल खण्डको मास्टर वायजहरू
- ४.६.क स्काउट मास्टर वायज (Scout Master Badge)
- ४.६.ख कुमको वायजहरू (Shoulder Badges)
- ४.६.ग काँध पट्टि (Epaulette)
- ४.६.घ सेवा चिन्ह (Service Star)

४.७ भेन्चर व्याय / गर्ल खण्ड
- ४.७.क प्रवर्तक वायज (Pioneer Badge )
- ४.७.ख अन्वेषक (Explorer Badge)
- ४.७.ग साहसिक वायज (Adventurer Badge)
- ४.७.घ राष्ट्रपति वायज (President Badge)

४.८ पोशाकमा रहने अन्य वायजहरू
- ४.८.क भेन्चर ब्याय/ गर्ल स्काउट पेट्रोल चिन्ह (Patrol Emblem)
- ४.८.ख दर्ता नम्बर (Registration Number)
- ४.८.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)
- ४.८.घ सेवा चिन्ह (Service Star)
- ४.८.ङ काँध पट्टि (Epaulette)
- ४.८.च Name Patch
- ४.८.ज पदोन्नति वायज (Progression Badge)
- ४.८.झ दक्षता वायज (Proficiency Badges)

४.९ भेन्चर व्याय / गर्ल खण्डको मास्टर वायजहरू
- ४.९.क Venture Boy/Girl Scout Leader
- ४.९.ख कुमको वायजहरू (Shoulder Badges)
- ४.९.ग काँध पट्टि (Epaulette)
- ४.९.घ सेवा चिन्ह (Service Star)

४.१० रोभर/रेन्जर खण्ड
- ४.१०.क स्क्वायर वायज (Squire Badge)
- ४.१०.ख रोभर /रेञ्जर वायज (Rover/Ranger Badge)
- ४.१०.ग Sponser Strip
- ४.१०.घ सेवा अवधि (Service Period)
- ४.१०.ङ नेतृत्व विकास अवधि (Leadership Development Period)

४.१०.च राष्ट्रपति वायज (President Badges)
४.११ पोशाकमा रहने अन्य वायजहरू
४.११.क टिम चिन्ह (Team Emblem)
४.११.ख दर्ता नम्बर (Registration Number)
४.११.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)
४.११.घ सेवा चिन्ह (Service Star)
४.११.ङ काँध पट्टि (Epaulette)
४.११.च Name Patch
४.११.छ कुमको वायजहरू (Shoulder Badges)
४.११.च दक्षता वायज (Proficiency Badges)
४.१२ रोभर/रेन्जर खण्डको मास्टर वायजहरू
४.१२.ख कुमको वायजहरू (Shoulder Badges)
४.१२.ग काँध पट्टि (Epaulette)
४.१२.घ सेवा चिन्ह (Service Star)

**परिच्छेद – ५** **४१**
आयुक्त तथा पदाधिकारीहरूका वायजहरू (Badges of Commissioners and Executives)
५.१ संरक्षकको वायज
५.२ प्रमुख स्काउटको वायज
५.३ प्रमुख आयुक्तको वायज
५.४ राष्ट्रिय स्तरका आयुक्तहरू, राष्ट्रिय सचिव, निर्देशक एवं कार्य समिति सदस्यको वायज
५.५ राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक, राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको वायज
५.६ प्रदेश स्काउट संरक्षकको वायज
५.७ प्रदेश प्रमुख स्काउट
५.८ प्रदेश प्रमुख आयुक्त
५.९ प्रदेश आयुक्त पदाधिकारीहरू एवं सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको वायज
५.१० स्थानीय स्काउट संरक्षकको वायज
५.११ स्थानीय प्रमुख स्काउट
५.१२ स्थानीय प्रमुख आयुक्त
५.१३ स्थानीय आयुक्त पदाधिकारीहरू एवं सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको वायज
५.१४ नेपाल स्काउटका प्रमुख संरक्षक, संरक्षक, प्रमुख स्काउट, राष्ट्रिय तहका आयुक्त पदाधिकारी, राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको कुमको वायजहरू (Shoulder Badges)
५.१५ नेपाल स्काउटका प्रमुख संरक्षक, संरक्षक, प्रमुख स्काउट, राष्ट्रिय तहका आयुक्त पदाधिकारी, राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको काँध पट्टि (Epaulette)
५.१६ प्रदेश स्काउटका संरक्षक, प्रदेशका प्रमुख स्काउट, प्रदेशका सबै आयुक्त पदाधिकारी र प्रदेश सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको कुमको वायजहरू (Shoulder Badges)
५.१७ प्रदेश स्काउटका संरक्षक, प्रदेशका प्रमुख स्काउट, प्रदेशका सबै आयुक्त पदाधिकारी र प्रदेश सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको काँध पट्टि (Epaulette)
५.१८ स्थानीय स्काउटका संरक्षक, स्थानीय तहका प्रमुख स्काउट, स्थानीय तहका सबै आयुक्त पदाधिकारी र स्थानीय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको कुमको वायजहरू (Shoulder Badges)
५.१९ स्थानीय स्काउटका संरक्षक, स्थानीय तहका प्रमुख स्काउट, स्थानीय तहका सबै आयुक्त पदाधिकारी र स्थानीय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरूको काँध पट्टि (Epaulette)
५.२० Name Patch
५.२१ Trainers Patch

# पोशाक र पोशाक सम्बन्धी निर्देशिका

## प्रस्तावना

नेपाल स्काउटले स्काउटिङ्ग गतिविधि सञ्चालन गर्नका लागि प्रयोगमा ल्याएका औपचारिक स्काउट पोशाक तथा अनौपचारिक स्काउट पोशाक, तहगत र दर्जा अनुसारका वायज र वायजको उचित प्रयोगलाई समयानुकुल परिमार्जन गरी प्रयोगमा रहेका सामग्रीहरुमा समान गुणस्तर कायम गर्ने र प्रयोगमा एकरुपता ल्याई व्यवस्थित गर्न अत्यावश्यक रहेको हुँदा नेपाल स्काउट ऐन, २०५०(संशोधन सहित) बमोजिम बनेको नेपाल स्काउट नियमावली, २०७७ को परिच्छेद १० विविधको दफा ४५ ले दिएको अधिकार प्रयोग गरी विद्यमान रहेको वायज तथा पोशाक निर्देशिका, २०७३ लाई प्रतिस्थापन गरी यो निर्देशिका जारी गरिएको छ । स्काउट अभियानमा संलग्न युवाहरुको चाहना अनुसार नेपाल स्काउटको पोशाक तथा वायज एवं यसको प्रयोगलाई रुचिकर बनाई धेरै भन्दा धेरै युवाहरुलाई यस अभियानमा आकर्षित गरी नेपाल स्काउट र विश्व स्काउट संगठनको सदस्यता अभिवृद्धि सम्बन्धी लक्ष्यमा पुग्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी समकालीन विश्वमा प्रचलनमा आएका पद्धति अपनाउने र युवा एवं वयस्कहरुका बीचमा गरिएको सर्वेक्षण र सुझाव समेतलाई आधार मानी यो निर्देशिका तयार गरी लागू गरिएको छ ।

## परिच्छेद – १
## स्काउट पोशाक

स्काउटको पोशाकमा सर्ट, पाइन्ट, फ्रक, स्कर्ट, साडी, स्कार्फ, वायज, कोट, ज्याकेट, स्वीटर, टोपी, जुता, मोजा, टि-सर्ट समाबेश हुनेछन् ।

(क) नेपाल स्काउटले आफ्ना सबै सदस्यका लागि स्काउट पोशाकको व्यवस्था गरेको छ । स्काउट पोशाक यस निर्देशिकामा तोकिए बमोजिम प्रयोगमा ल्याइने छ । स्काउट पोशाक स्काउट पसल (Scout Shop) ले उपलब्ध गराउने छ ।

(ख) सबै खालका स्काउटिङ्ग क्रियाकलापहरुमा यस निर्देशिकामा तोकिए बमोजिमको स्काउट पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(ग) स्काउट पोशाकको लागि निर्धारण भएका रंग, आकार, प्रकार, डिजाइन यस निर्देशिकामा तोकिए बमोजिमको हुनुपर्नेछ ।

(घ) स्काउट पोशाक लगाउँदा निर्धारित स्कार्फ, वायज, विभूषण, पदक यस निर्देशिकामा तोकिए बमोजिम लगाउनु पर्नेछ ।

# १.१ औपचारिक पोशाक

## १.१.क कब/ ब्राउनी

### कब :

खरानी रंगको सर्ट, गाढा खरानी रंगको हाफ पाइन्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, कालो स्काउट टोपी, नीलो स्वीटर/नीलो कोट ।

### ब्राउनी :

हरियो रंगको सर्ट, हरियो रंगको हाफ पाइन्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, पहेंलो रंगको ब्यारेट, सेतो रंगको रिबन, नीलो स्वीटर/नीलो कोट ।





## १.१.ख ब्वाय/गर्ल स्काउट

### ब्वाय स्काउट

खरानी रंगको सर्ट, गाढा खरानी रंगको पाइन्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, कालो स्काउट टोपी, स्काउट डोरी, नीलो स्वीटर/नीलो कोट ।

### गर्ल स्काउट

हरियो रंगको सर्ट, हरियो रंगको पाइन्ट/ हरियो रंगको डिभाइडेड स्कर्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, हरियो रंगको ब्यारेट, सेतो रंगको रिबन, स्काउट डोरी, नीलो स्वीटर/नीलो कोट ।

## १.१.ग भेन्चर ब्वाय / गर्ल स्काउट



### भेन्चर ब्वाय स्काउट

खाकी रंगको सर्ट, खाकी रंगको पाइन्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, कालो स्काउट टोपी, नीलो स्वीटर/नीलो कोट ।

### भेन्चर गर्ल स्काउट

हरियो रंगको सर्ट, हरियो रंगको पाइन्ट वा स्कर्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, नीलो रंगको व्यारेट, कपाल छोप्ने कालो रंगको नेट, नीलो स्वीटर/नीलो कोट ।

## १.१.घ रोभर/रेन्जर स्काउट



### रोभर स्काउट

खाकी रंगको सर्ट, खाकी रंगको पाइन्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, कालो स्काउट टोपी, नीलो स्वीटर/ नीलो कोट ।

### रेन्जर स्काउट

हरियो रंगको सर्ट, हरियो रंगको पाइन्ट वा स्कर्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, रातो रंगको व्यारेट, कपाल छोप्ने कालो रंगको नेट, नीलो स्वीटर/ नीलो कोट ।

## १.१.ङ स्काउटर तथा पदाधिकारी

### पुरुष स्काउटर तथा पदाधिकारी

खाकी रंगको सर्ट, खाकी रंगको पाइन्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, कालो स्काउट टोपी, नीलो स्वीटर/नीलो कोट ।

### महिला स्काउटर तथा पदाधिकारी

हरियो रंगको सर्ट, हरियो रंगको पाइन्ट/ हरियो रंगको साडी/ हरियो रंगको स्कर्ट, सेतो रंगको मोजा, कालो छालाको जुत्ता, स्काउट पेटी, कपाल छोप्ने कालो रंगको नेट, नीलो स्वीटर/ नीलो कोट, सर्ट पाइन्ट लगाउँदा खण्ड अनुसारको व्यारेट लगाउनु पर्नेछ ।



# १.२ अनौपचारिक पोशाक

नेपाल स्काउटको उद्देश्य प्राप्तिका लागि इकाई तथा नेपाल स्काउटको विभिन्न तहले आयोजना गरेका स्काउट क्रियाकलाप क्याम्प, तालिम क्याम्प, सेवा क्याम्प र अन्य शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरुमा देहाय बमोजिमका पोशाकहरु औपचारिक पोशाकको विकल्पमा प्रयोगमा ल्याउन सकिनेछ ।

## १.२.क कब/ ब्राउनी



### कब

- पहेंलो रंगको टि-सर्ट, बाहुलामा पहेंलो धर्सा भएको नीलो रंगको ट्र्याकसुट, कपडाको सेतो जुत्ता, सेतो मोजा अथवा विद्यालयले प्रयोग गरेको ट्र्याकसुट एकरुपता ल्याउने गरी प्रयोग गर्न सकिने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- नीलो पाली टोपी ।

### ब्राउनी

- पहेंलो रंगको टि-सर्ट, बाहुलामा पहेंलो धर्सा भएको नीलो रंगको ट्र्याकसुट, कपडाको सेतो जुत्ता, सेतो मोजा अथवा विद्यालयले प्रयोग गरेको ट्र्याकसुट एकरुपता ल्याउने गरी प्रयोग गर्न सकिने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- नीलो पाली टोपी ।



## १.२.ख ब्वाय/गर्ल स्काउट

### ब्वाय स्काउट

- आकाशे नीलो रंगको टि–सर्ट, नीलो रंगको ट्र्याकसुट अथवा स्काउट सर्ट र नीलो रंगको ट्राउजर अथवा विद्यालयले प्रयोग गरेको ट्र्याकसुट एकरुपता ल्याउने गरी प्रयोग गर्न सकिने ।
- कपडाको सेतो जुत्ता, सेतो मोजा लगाउनु पर्ने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- नीलो पाली टोपी ।

### गर्ल स्काउट

- आकाशे नीलो रंगको टि–सर्ट, नीलो रंगको ट्र्याकसुट अथवा स्काउट सर्ट र नीलो रंगको ट्राउजर अथवा विद्यालयले प्रयोग गरेको ट्र्याकसुट एकरुपता ल्याउने गरी प्रयोग गर्न सकिने ।
- कपडाको सेतो जुत्ता, सेतो मोजा लगाउनु पर्ने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- नीलो पाली टोपी ।

## १.२.ज भेन्चर ब्वाय / गर्ल स्काउट



### भेन्चर ब्वाय स्काउट

- नीलो रंगको टि–सर्ट र नीलो रंगको पाइन्ट अथवा स्काउट सर्ट र नीलो रंगको पाइन्ट (Full or Half pant) प्रयोग गर्न सकिने ।
- नीलो रंगको ज्याकेट लगाउनु पर्ने ।
- स्पोर्ट्स सुज, सेतो मोजा लगाउनु पर्ने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- नीलो पाली टोपी ।

### भेन्चर गर्ल स्काउट

- आकाशे नीलो रंगको टि–सर्ट र नीलो रंगको पाइन्ट अथवा स्काउट सर्ट र नीलो रंगको पाइन्ट (Full or Half pant) प्रयोग गर्न सकिने ।
- नीलो रंगको ज्याकेट लगाउनु पर्ने ।
- स्पोर्ट्स सुज, सेतो मोजा लगाउनु पर्ने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- नीलो पाली टोपी ।



## १.२.झ रोभर/रेन्जर स्काउट

### रोभर स्काउट

- रातो रंगको टि–सर्ट र नीलो रंगको पाइन्ट (Full or Half pant) अथवा स्काउट सर्ट र नीलो रंगको पाइन्ट प्रयोग गर्न सकिने ।
- नीलो रंगको ज्याकेट लगाउनु पर्ने ।
- स्पोर्ट्स सुज, सेतो मोजा लगाउनु पर्ने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- रातो पाली टोपी ।

### रेन्जर स्काउट

- रातो रंगको टि–सर्ट र नीलो रंगको पाइन्ट(Full or Half Pant) अथवा स्काउट सर्ट र नीलो रंगको पाइन्ट अथवा आकाशे नीलो कुर्तामा गाढा नीलो सुरुवाल, गाढा नीलो सल प्रयोग गर्न सकिने ।
- नीलो रंगको ज्याकेट लगाउनु पर्ने ।
- स्पोर्ट्स सुज, सेतो मोजा लगाउनु पर्ने ।
- इकाईले निर्धारण गरेको स्कार्फ वा नेपाल स्कार्फ वा विशेष प्रकारको स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- रातो पाली टोपी ।



## १.२.ङ स्काउटर तथा पदाधिकारी

### पुरुष स्काउटर तथा पदाधिकारी



- आकाशे नीलो रंगको टि–सर्ट र नीलो रंगको पाइन्ट (Full or Half Pant) अथवा स्काउट सर्ट र नीलो रंगको पाइन्ट प्रयोग गर्न सकिने ।
- नीलो रंगको ज्याकेट लगाउनु पर्ने ।
- स्पोर्ट्स सुज, सेतो मोजा लगाउनु पर्ने ।
- तहगत स्कार्फ वा नेपाल स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- स्काउटरहरुका लागि नीलो रंगको पाली टोपी र पदाधिकारीहरुका लागि प्याजी रंगको पाली टोपी ।

### महिला स्काउटर तथा पदाधिकारी



- आकाशे नीलो रंगको टि–सर्ट र नीलो रंगको पाइन्ट (Full or Half Pant) अथवा स्काउट सर्ट र नीलो रंगको पाइन्ट अथवा आकाशे नीलो कुर्थामा गाढा नीलो सुरुवाल, गाढा नीलो सल प्रयोग गर्न सकिने ।
- नीलो रंगको ज्याकेट लगाउनु पर्ने ।
- स्पोर्ट्स सुज, सेतो मोजा लगाउनु पर्ने ।
- तहगत स्कार्फ वा नेपाल स्कार्फ अनिवार्य लगाउनु पर्ने ।
- स्काउटरहरुका लागि नीलो रंगको पाली टोपी र पदाधिकारीहरुका लागि प्याजी रंगको पाली टोपी ।

## १.२.च तालिम पोशाक


- स्काउटर तालिम अन्तर्गत हुने औपचारिक समारोहहरुमा अनिवार्य रुपमा औपचारिक पोशाक लगाउनु पर्नेछ ।
- प्रशिक्षकहरुले प्रशिक्षणको क्रममा सेसन लिंदा गर्दा औपचारिक स्काउट पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।
- प्रशिक्षकहरुले प्रशिक्षण अवधिभर प्रशिक्षक स्कार्फ अनिवार्य रुपमा लगाउनु पर्नेछ ।
- प्रशिक्षार्थीहरुले तालिमको अवधिभर स्काउट पोशाकका साथमा तालिम स्कार्फ अनिवार्य लगाउनु पर्नेछ ।

# परिच्छेद - २

## स्काउट स्कार्फ सम्वन्धी व्यवस्था (Scarf of various Sections)


विश्वव्यापी रुपमा स्काउटको एक पहिचानका रुपमा स्थापित स्कार्फको प्रयोग सबै स्काउटहरुका लागि अनिवार्य रहनेछ । स्कार्फ लगाउँदा पोशाकको बाहिरी भागमा देखिने गरी लगाउनु पर्नेछ ।

### २.१ नेपाल स्काउटको स्कार्फ (नेपाल स्कार्फ)



नेपाल स्काउटका सम्पूर्ण सदस्यहरुले औपचारिक वा अनौपचारिक स्काउट पोशाकमा अनिवार्य प्रयोग गर्न नेपाल स्कार्फको व्यवस्था गरीएको छ । कुनै इकाईले आन्तरिक रुपमा गर्ने कृयाकलापहरु वाहेक सम्पूर्ण औपचारिक कृयाकलाप तथा कार्यक्रमहरुमा अनिवार्य रुपमा नेपाल स्कार्फको प्रयोग गर्नुपर्नेछ ।
अन्तर्राष्ट्रिय कार्यक्रममा नेपाल स्काउटको प्रतिनिधि भई सहभागी हुनु पर्दा पनि नेपाल स्कार्फ लगाउनु पर्नेछ ।
नेपाल स्कार्फ गाढा रातो पृष्ठभूमिमा गाढा नीलो रंगको किनारा हुनेछ । नेपाल स्कार्फको तल्लो कुनामा नेपाल झण्डा अंकित लोगो रहनेछ र माथि सेतो चन्द्र र तल सेतो सूर्यको बीचमा अंग्रेजीमा गाढा हरियो रंगमा NEPAL लेखिएको हुनेछ ।


### २.२ इकाई वा समूहको स्कार्फ



प्रत्येक इकाई वा समूह (प्याक, ट्रुप, क्र्यू)ले आफ्नो इकाई वा समूहको लागि छुट्टै स्कार्फ तयार गर्न सक्नेछ । उक्त स्कार्फ इकाई वा समूहले आफ्नो आन्तरिक कार्यक्रम तथा क्रियाकलापहरुमा मात्र प्रयोग गर्न सक्नेछन् । इकाई वा समूहको औपचारिक दल सभामा स्काउटरहरुले इकाई स्कार्फ वा नेपाल स्कार्फ लगाउनु पर्नेछ ।

### २.३ बि.टि.सि / पि.टि.सि (आधारभूत स्काउट तालिम) सवै खण्ड (रोभर/रेन्जर र भेन्चर, स्काउट कव/ब्राउनी)

सवै खण्ड (रोभर/रेन्जर र भेन्चर, स्काउट कव/ब्राउनी) का स्काउट आधारभूत तालिम प्राप्त स्काउटरको स्कार्फ तोकिए बमोजिमको नेपाल स्कार्फ र छालाको वागल हुनेछ ।






## २.४ एडभान्स तथा उडवायज स्कार्फ

### २.४.क पुरुष स्काउट एडभान्स स्कार्फ

पुरुष स्काउटरहरुका लागि WOSM बाट मान्यता प्राप्त Gilwell स्कार्फ, २ वटा विड्स र छालाको वागल हुनेछ। एडभान्स तथा उडवायज तालिम प्राप्त गरी प्रक्रिया पूरा गरे पश्चात्त यो स्कार्फ, विड्स  औपचारिक समारोहमा प्राप्त हुनेछ। यो स्कार्फ तालिमसँग सम्बन्धित सभा, समारोह, गोष्ठी, प्रशिक्षणको क्रममा मात्र लगाइनेछ।







### २.४.ख महिला स्काउट एडभान्स स्कार्फ




महिला स्काउटरहरुका लागि नेपाल स्काउटले तोके बमोजिमको हरियो स्कार्फ हुनेछ। एडभान्स तालिम प्राप्त गरी प्रक्रिया पूरा गरेपश्चात्त यो स्कार्फ औपचारिक समारोहमा प्राप्त हुनेछ। यो स्कार्फ तालिमसँग सम्बन्धित सभा, समारोह, गोष्ठी, प्रशिक्षणको क्रममा मात्र लगाइनेछ।


महिला प्रशिक्षकहरुले प्रशिक्षक स्कार्फ लगाउनु पर्नेछ। पिन वायज दायाँ खल्तीको ढकनीमा लगाउनु पर्नेछ।

## २.५ राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक

राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षकको हैसियतले समारोह वा तालिममा सहभागी हुँदा पुरुष प्रशिक्षकहरुले आफूले प्राप्त गरेको गिलवेल स्कार्फ र विड्स लगाउनु पर्नेछ।

महिला प्रशिक्षकहरुले प्रशिक्षक स्कार्फ लगाउनु पर्नेछ। पिन वायज दायाँ खल्तीको  ढकनीमा लगाउनु पर्नेछ।









Certificate Trainers' Pin Badge

## २.६ विशेष प्रकारको स्कार्फ



स्थानीय, प्रदेश वा राष्ट्रिय तहमा आयोजना हुने कुनै समारोह तथा कृयाकलापको निमित्त आफ्नो बेग्लै स्कार्फ बनाउन सकिनेछ । स्थानीय स्काउटले आफ्नो प्रदेश स्काउटबाट र प्रदेश स्काउटले राष्ट्रिय प्रधान कार्यालयसँग स्वीकृति लिई विशेष प्रकारको स्कार्फ बनाउन सक्नेछन् ।

ज्याम्बोरी, क्याम्पोरी, ज्याम्बोरेट, क्याम्पोरेट वा विशेष कार्यक्रममा सो कार्यक्रमका लागि बनाइएका स्कार्फहरु सोही समारोहका अवधिभरी लगाउन पाइनेछ । त्यस पछि सो स्कार्फ औपचारिक कार्यक्रममा लगाउन पाइने छैन ।

# परिच्छेद - ३

# नेपाल स्काउटका वायजहरु (Badges of Nepal Scouts)

नेपाल स्काउटले सबै खण्डका स्काउटहरुको लागि तहगत वायजहरुको व्यवस्था गरेको छ । ती वायजहरु तहगत रुपमा तोकिए बमोजिम स्काउट पोशाकमा लगाउनु पर्नेछ ।

## ३.१ नेपाल स्काउठ वायज (Nepal Scouts Strip Badge)

सबै तहका स्काउट, स्काउटर तथा पदाधिकारीहरुले आफ्नो स्काउट पोशाकमा अनिवार्यरुपमा नेपाल स्काउट वायज लगाउनु पर्नेछ । यो वायज पहेंलो पृष्ठभूमिमा हरियो किनारा भएको आयाताकार हुनेछ। वायजको बीचमा नेपालको झण्डा र झण्डाको वायजबायाँ नेपालीमा र अंग्रेजीमा हरियो रंगमा क्रमशः "नेपाल स्काउट" र "NEPAL SCOUTS" लेखिएको हुनेछ। यो वायज पोशाकको वायज खल्ती माथि WOSM वा WAGGGS वायज लगाउनु पर्ने छ।




## ३.२ सदस्यता वायज (Membership Badge)

सबै तहका स्काउट, स्काउटर तथा पदाधिकारीहरुले आफ्नो स्काउट पोशाकमा अनिवार्य रुपमा नेपाल स्काउट सदस्यता वायज लगाउनु पर्नेछ। यो वायज गोलाकार हुनेछ जसमा गाढा नीलो पृष्ठभूमिमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ । नेपाल स्काउटको सदस्यता वायज सबै खण्डको पहिलो तहगत वायज रहनेछ जुन निर्धारित युवा कार्यक्रम पूरा गरेपछि दीक्षान्त समारोहमा प्रदान गरीनेछ । यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ।



## ३.३ विश्व वायज (World Badge)

सबै तहका स्काउट, स्काउटर तथा पदाधिकारीहरुले आफ्नो स्काउट पोशाकमा अनिवार्य रुपमा विश्व स्काउट सदस्यता वायज लगाउनु पर्नेछ। यो वायज विश्व स्काउट संगठन (WOSM/WAGGGS) ले तोके बमोजिम हुनेछ। सबै तहका पुरुष स्काउट, स्काउटर तथा पदाधिकारीहरुले WOSM को वायज र सबै तहका महिला स्काउट, स्काउटर तथा पदाधिकारीहरुले WAGGGS को वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि दीक्षान्त समारोहमा प्रदान गरीनेछ । यो वायज दायाँ खल्तीको ढकनी माथि र नेपाल स्काउट वायजको तल लगाउनु पर्दछ ।



## ३.४ स्वीटर, ज्याकेट र कोट वायज (Blazer Badge)




क) स्वीटर वा ज्याकेट - तोकिए बमोजिमको स्काउट स्वीटर वा ज्याकेटमा बाँया पट्टि खल्ती रहने ठाउंमा नेपाल स्काउटको ब्लेजर वायज लगाउनु पर्नेछ ।

ख) कोट - तोकिए बमोजिमको स्काउट कोटमा माथिल्लो बाँया खल्तीमा नेपाल स्काउटको ब्लेजर वायज लगाउनु पर्नेछ ।

यो वायज गोलाकार हुनेछ जसमा गाढा नीलो रंगको पृष्ठभूमिमा नेपाल स्काउटको लोगो हुनेछ जसमा डाक्टरी गाँठोको घेरा र अक्षरहरु पहेंलो रंगको हुनेछ ।

## ३.५ विशेष वायज (Event Badge)




देशका विभिन्न तह र अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन गरीएका विशेष कार्यक्रम (ज्याम्बोरी, ज्याम्बोरेट, क्याम्प, क्याम्पोरी, र्‍याली, सम्मेलन, गोष्ठी) का अवसरमा विशेष वायजहरु स्काउट पोशाकमा लगाउन सकिने छ ।

यो वायज स्काउट पोशाकमा Name Patch को माथि पट्टी मात्र लगाउनु पर्नेछ ।

स्काउट पोशाकमा सबैभन्दा पछिल्लो कार्यक्रमको विशेष वायज मात्र लगाउन पाइने छ ।


# परिच्छेद - ४

## खण्डगत वायजहरु

### ४.१ कव/ब्राउनी खण्ड


### तहगत वायज

#### ४.१.क तारा वायज (Star Badge)




यो वायज कब/ब्राउनी खण्डको दोश्रो तहको वायज हो । यो वायज पहेंलो रंगको पृष्ठभूमिमा बीचमा पाँचकुने तारा रहेको वर्गाकार हुनेछ । यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि दीक्षान्त समारोहमा प्रदान गरीनेछ । यो वायज दायाँ खल्तीको बीचमा एउटा कुनालाई माथि तिर पारेर लगाउनु पर्नेछ ।

#### ४.१.ख चन्द्र वायज (Moon Badge)



यो वायज कब/ब्राउनी खण्डको तेश्रो तहको वायज हो । यो वायज पहेंलो रंगको पृष्ठभूमिमा बीचमा ८ कोण (किरण) भएको सेतो रंगको अर्ध चन्द्रमा रहेको वर्गाकार हुनेछ । यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि दीक्षान्त समारोहमा प्रदान गरीनेछ । यो वायज दायाँ खल्तीको बीचमा एउटा कुनालाई माथि तिर पारेर लगाउनु पर्नेछ ।

#### ४.१.ग सूर्य वायज (Sun Badge)



यो वायज कब/ब्राउनी खण्डको चौथो तहको वायज हो । यो वायज पहेंलो रंगको पृष्ठभूमिमा बीचमा १२ वटा कोण भएको चम्किलो सुर्यको आकृति रहेको वर्गाकार हुनेछ । यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि दीक्षान्त समारोहमा प्रदान गरीनेछ । यो दायाँ खल्तीको बीचमा एउटा कुनालाई माथि तिर पारेर लगाउनु पर्नेछ ।

#### ४.१.घ राष्ट्रपति वायज (President Badge)




यो वायज कब/ब्राउनी खण्डको सबैभन्दा माथिल्लो तहको वायज हो । यो वायज पहेंलो रंगको पृष्ठभूमि रहेको आयाताकार हुनेछ । यस वायजमा हरियो रंगको डाक्टरी गाँठोले आयाताकार बनाइएको घेराभित्र बीचमा माथि पट्टि नेपालको झण्डा, झण्डाको तल्लो भागको वायजबायाँ ओलिभ रुखको पात चिन्हले सुरक्षा दिएको हुनेछ । झण्डाको तल पर्नेगरी नेपाल स्काउट चिन्ह र त्यसको तल BE PREPARED लेखिएको मुस्कान चिन्ह हुनेछ । वायजको तल्लो भागमा पर्ने डाक्टरी गाँठोको ठीक माथि अंग्रेजीमा PRESIDENT SCOUT लेखिएको हुनेछ ।

यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि नेपाल स्काउटले विशेष समारोहमा प्रदान गर्नेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

## ४.२ पोशाकमा रहने अन्य वायजहरु

### ४.२.क कब / ब्राउनी कलर प्याच (Color Patch)

एउटा प्याक भित्र रहेका अलग अलग सिक्सहरुलाई छुट्याउन फरकफरक रंगको कलर प्याच हुनेछ । यो प्याच समबाहु त्रिकोण आकारको हुनेछ ।

यो प्याच वायज कुमको कुम वायज मुनि बीचमा प्याचको टुप्पो माथितिर फर्काएर लगाउनु पर्नेछ ।




### ४.२.ख दर्ता नम्बर (Registration Number)

नेपाल स्काउटले उपलब्ध गराएको इकाई दर्ता नम्बर वायज कुमको कलर प्याच भन्दा ठीक तल लगाउनु पर्नेछ। यो रातो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको चारपाटे आकारको हुनेछ ।





### ४.२.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)

सिनियर सिक्सर, सिक्सर र सहायक सिक्सरका लागि दर्ज्यानी चिन्ह हुनेछ। कब सिनियर सिक्सर, सिक्सर र सहायक सिक्सरका लागि खैरो पृष्ठभूमिमा क्रमशः पहेंलो ३ धर्का, २ धर्का र १ धर्का तथा ब्राउनी सिनियर सिक्सर, सिक्सर र सहायक सिक्सरका लागि हरियो पृष्ठभूमिमा क्रमशः पहेंलो ३ धर्का, २ धर्का र १ धर्का भएको दर्ज्यानी चिन्ह हुनेछ। यो दर्ज्यानी चिन्ह स्काउट पोशाकको बायाँ बाहुलाको कफमा लगाउनु पर्नेछ। यो दर्ज्यानी चिन्ह तोकिएको प्रक्रिया पूरा गरेपछि प्याक मिटिङको एक समारोहमा प्रदान गरीने छ।



### ४.२.घ काँध पट्टि (Epaulette)

सबै औपचारिक स्काउट पोशाक (सर्ट, स्वेटर, कोट) मा काँध पट्टि (Epaulette) रहनेछ। यो पहेंलो रंगको हुनेछ। यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।



### ४.२.ङ Name Patch




स्काउट पोशाकमा बायाँ खल्तीको ढकनी माथि पट्टि सम्बन्धित स्काउटको नाम लेखिएको Name Patch हुनेछ। यो गाढा नीलो रंगको पृष्ठभूमिमा सेतो रंगले अंग्रेजी ठूलो अक्षरमा नाम लेखिएको आयाताकार हुनेछ।

### ४.२.च कुमको वायजहरु (Shoulder badges)




कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ । यो वायज पहेंलो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ । इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ।

यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ।

### ४.२.छ पदोन्नति वायज (Going Up and Flying Up Badge)



प्याकमा रहने अवधि पूरा गरी स्काउट खण्डमा जान तयार भएका कब तथा ब्राउनी स्काउटलाई बिदाईका अवसरमा पदोन्नति वायज (Going Up and Flying Up Badge) प्रदान गरीनेछ।

यो वायज पहेंलो रंगको पृष्ठभूमिमा सेतो रंगको दुई पखेटाको बीचबाट हरियो रंगको बाण गएको हुनेछ।

यो वायज Going Up अथवा Flying Up Ceremony आयोजना गरी सम्बन्धित कब ब्राउनीलाई प्रदान गरीनेछ र कब लिडर वा ब्राउन आउलले स्काउट लिडरलाई कब तथा ब्राउनीको जिम्मा लगाईने छ। यो वायज बायाँ कुमको कुम वायज मुनि ठीक बीचमा पर्ने गरी लगाइने छ।

### ४.२.ज दक्षता वायज (Proficiency Badges)

कब ब्राउनी स्काउटले तोकिएको प्रक्रिया पूरा गरी नेपाल स्काउटद्वारा जारी गरीएका दक्षता वायज प्राप्त गर्न सक्नेछन् । दक्षता वायज बायाँ बाहुलाको इकाई नम्बर भन्दा तल पट्टिबाट क्रमश: राख्दै जान सक्नेछन्।

## ४.३ कव/ब्राउनी खण्डको मास्टर वायजहरु

### ४.३.क Cub Master/Brown Owl

नेपाल स्काउटले तोकिएको कव मास्टर र ब्राउन आउल वायज निर्धारित कोर्ष सफलता पूर्वक सम्पन्न गरी दीक्षान्त समारोहमा कव मास्टर र ब्राउन आउलले प्राप्त गर्नेछन् ।





यो वायज गोलाकार हुनेछ जसमा पहेंलो पृष्ठभूमिमा नेपाल स्काउट चिन्ह रहेको हुनेछ । सो चिन्हको तल पट्टि मुस्कान चिन्ह रहनेछ, जसमा हरियो रगंले NEPAL लेखिएको हुनेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.३.ख कुमको वायजहरु (Shoulder Badges)




कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ । यो वायज पहेंलो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ । इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ ।

यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ ।




### ४.३.ग काँध पट्टि (Epaulette)


सबै औपचारिक स्काउट पोशाक(सर्ट, स्वेटर, कोट)मा काँध पट्टि (Epaulette) रहनेछ । यो पहेंलो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।

### ४.३.घ सेवा चिन्ह (Service Star)

प्याक, स्काउट ट्रुप, भेन्चर ट्रुप तथा क्र्यूमा सदस्यता प्राप्त गरी कब/ब्राउनी, व्याय/गर्ल स्काउट, भेन्चर स्काउट, रोभर/रेन्जर स्काउट भई स्काउटिङ्ग गरेका कब मास्टर/ब्राउन आउल, व्याय/गर्ल स्काउटर, भेन्चर स्काउटर, रोभर/रेन्जर लिडरले सक्रिय भूमिका निर्वाह गरेको आधारमा सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।

यो सेवा चिन्ह तहगत वायज रंगसंग मिल्ने पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि सेवा वर्ष उल्लेख गरीएको हुनेछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको ढकनीमा लगाउनु पर्नेछ । दायाँबाट एकै लहरमा बायाँतर्फ खण्ड अनुसार मिलाएर लगाउन सकिने छ ।



# ४.४ ब्वाय / गर्ल स्काउट खण्ड

## तहगत वायज

### ४.४.क बेडेन पावेल शिखर वायज (Baden Powell Peak Badge)




यो वायज ब्वाय गर्ल स्काउट खण्डको दोश्रो तहको वायज हो । यो वायज हरियो रंगको पृष्ठभूमिमा बीचमा नेपाल स्काउट चिन्ह, माथि पट्टि बेडेन पावेल शिखरको आकृति रहेको आयताकार वायज हुनेछ । नेपाल स्काउट चिन्हको तल पट्टि सेतो रंगमा नेपालीमा तयार होऊ र BP SCOUT PEAK लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.४.ख अन्नपूर्ण वायज (Annapurna Badge)




यो वायज ब्वाय गर्ल स्काउट खण्डको तेश्रो तहको वायज हो । यो वायज हरियो रंगको पृष्ठभूमिमा बीचमा नेपाल स्काउट चिन्ह, माथि पट्टि अन्नपूर्ण शिखरको आकृति रहेको आयताकार वायज हुनेछ । स्काउट चिन्हको तल पट्टी मुस्कान चिन्ह र त्यसको तल सेतो रंगमा ANNAPURNA लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.४.ग कन्चनजंघा वायज (Kanchanjunga Badge)




यो वायज ब्वाय गर्ल स्काउट खण्डको चौथौं तहको वायज हो । यो वायज हरियो रंगको पृष्ठभूमिमा बीचमा स्काउट चिन्ह, माथि पट्टि अन्नपूर्ण शिखरको आकृति रहेका आयताकार वायज हुनेछ । नेपाल स्काउट चिन्हको तल पट्टि मुस्कान चिन्ह र त्यसको तल सेतो रंगमा KANCHANJUNGA लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.४.घ सगरमाथा वायज (Everest Badge)




यो वायज ब्वाय गर्ल स्काउट खण्डको पाचौं तहको वायज हो । यो वायज हरियो रंगको पृष्ठभूमिमा रातो रंगले बनेको झ्याल भित्रको वातावरणमा माथिल्लो भागमा नीलो आकाश, त्यो भन्दा मुनि सगरमाथा हिमालको आकृति, बीचमा स्काउट चिन्ह, त्यो भन्दा तल मुस्कान चिन्ह हुनेछ, त्यो भन्दा पनि मुनि अंग्रेजी अक्षरमा सेतो रंगमा EVEREST लेखिएको हुनेछ ।

यो वायज आयताकार हुनेछ । यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.४.ङ राष्ट्रपति वायज (President Badge)




यो वायज ब्वाय गर्ल स्काउट खण्डको सबैभन्दा माथिल्लो तहको वायज हो । यो वायज हरियो रंगको पृष्ठभूमि रहेको आयाताकार हुनेछ । यस वायजमा पहेंलो रंगको डाक्टरी गाँठोले आयाताकार बनाइएको घेराभित्र बीचमा माथि पट्टि नेपालको झण्डा, झण्डाको तल पर्ने गरी नेपाल स्काउट चिन्ह र त्यसको तल BE PREPARED लेखिएको मुस्कान चिन्ह हुनेछ । झण्डाको तल्लो भागको वायजबायाँ ओलिभ रुखको पात चिन्हले घेरिएको हुनेछ । वायजको तल्लो भागमा पर्ने डाक्टरी गाँठोको ठीक माथि अंग्रेजीमा सेतो रंगमा PRESIDENT SCOUT लेखिएको हुनेछ ।

यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि नेपाल स्काउटले विशेष समारोहमा प्रदान गर्नेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

## ४.५ पोशाकमा रहने अन्य वायजहरु

### ४.५.क ब्वाय/ गर्ल स्काउट पेट्रोल चिन्ह (Patrol Emblem)



ट्रुप भित्रका अलग अलग पेट्रोलहरुलाई छुट्याउन फरक फरक किसिमको पेट्रोल चिन्ह हुनेछ । ब्वाय स्काउट तर्फ जनावर अंकित पेट्रोल चिन्ह र गर्ल स्काउट तर्फ चरा अंकित पेट्रोल चिन्ह हुनेछ । यो चिन्ह गोलाकार सेतो रंगको पृष्ठभूमिमा कालो रंगको चित्र भएको हुनेछ ।

यो पेट्रोल चिन्ह वायज कुमको कुम वायज मुनि लगाउनु पर्नेछ ।

### ४.५.ख दर्ता नम्बर (Registration Number)




नेपाल स्काउटले उपलब्ध गराएको इकाई दर्ता नम्बर वायज कुमको पेट्रोल चिन्ह भन्दा ठीक तल लगाउनु पर्नेछ । यो रातो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको चारपाटे आकारको हुनेछ ।

### ४.५.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)



ट्रुप लिडर, पेट्रोल लिडर र सहायक पेट्रोल लिडरका लागि दर्ज्यानी चिन्ह हुनेछ । ब्वाय ट्रुप लिडर, पेट्रोल लिडर र सहायक पेट्रोल लिडर का लागि खैरो पृष्ठभूमिमा क्रमशः हरियो ३ धर्का, २ धर्का र १ धर्का तथा गर्ल ट्रुप लिडर, पेट्रोल लिडर र सहायक पेट्रोल लिडर का लागि हरियो पृष्ठभूमिमा क्रमशः सेतो ३ धर्का, २ धर्का र १ धर्का भएको दर्ज्यानी चिन्ह हुनेछ । यो दर्ज्यानी चिन्ह स्काउट पोशाकको बायाँ बाहुलाको कफमा लगाउनु पर्नेछ । यो दर्ज्यानी चिन्ह तोकिएको प्रक्रिया पूरा गरेपछि ट्रुप मिटिङको एक समारोहमा प्रदान गरिने छ ।

## ४.५.घ सेवा चिन्ह (Service Star)

प्याकमा सदस्यता प्राप्त गरी सक्रिय भूमिका निर्वाह गरेको आधारमा ब्वाय गर्ल स्काउटले सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।


यो सेवा चिन्ह पहेंलो पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि रहेको अंकले सेवा वर्ष जनाउँदछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको  ढकनी माथि लगाउनु पर्नेछ । यस्तो सेवा चिन्हहरु मथिल्लो तहमा पुग्दा पनि लगाउन सकिने छ ।




## ४.५.ङ काँध पट्टि (Epaulette)

सबै औपचारिक स्काउट पोशाक (सर्ट, स्वेटर, कोट) मा काँध पट्टि (Epaulette) रहनेछ । यो हरियो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।




## ४.५.च Name Patch

स्काउट पोशाकमा बायाँ खल्तीको ढकनी माथि पट्टि सम्बन्धित स्काउटको नाम लेखिएको Name Patch हुनेछ । यो गाढा नीलो रंगको पृष्ठभूमिमा सेतो रंगले अंग्रेजीमा ठूलो अक्षरमा नाम लेखिएको आयाताकार हुनेछ ।




## ४.५.छ कुमको वायजहरु (Shoulder Badges)

कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ । यो वायज हरियो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ । इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ ।

यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ ।



## ४.५.ज पदोन्नति वायज (Advancement Badge)

टुपमा रहने अवधि पूरा गरी भेन्चर खण्डमा जान तयार भएका ब्वाय तथा गर्ल स्काउटलाई विदाईका अवसरमा पदोन्नति वायज (Advancement Badge) प्रदान गरीनेछ ।



यो वायज गोलाकार हरियो रंगको पृष्ठभूमिमा माथिपट्टि सेतो रंगको हिमाल र हिमालको ठीक तल नीलो रंगको बाण चिन्ह भएको हुनेछ ।

यो वायज पदोन्नति समारोह आयोजना गरी सम्बन्धित ब्वाय गर्ल स्काउटलाई प्रदान गरिनेछ र ब्वाय गर्ल स्काउट लिडरद्धारा भेन्चर स्काउट लिडरलाई जिम्मा लगाईने छ । यो वायज बायाँ कुमको कुम वायज मुनि ठीक बीचमा पर्ने गरी लगाउनु पर्नेछ ।

## ४.५.झ दक्षता वायज (Proficiency Badges)

ब्वाय गर्ल स्काउटले तोकिएको प्रक्रिया पूरा गरी नेपाल स्काउटद्धारा जारी गरीएका दक्षता वायज प्राप्त गर्न सक्नेछन् । दक्षता वायज बायाँ बाहुलामा इकाई नम्बर भन्दा तल पट्टिबाट क्रमशः राख्दै जान सक्नेछन् ।

## ४.६ व्वाय / गर्ल खण्डको मास्टर वायजहरु

### ४.६.क स्काउट मास्टर वायज ( Scout Master Badge)

यो व्वाय गर्ल स्काउट लिडर वायज स्काउट मास्टरले निर्धारित कोर्ष सफलतापूर्वक सम्पन्न गरी दीक्षान्त समारोहमा प्राप्त गर्नेछन् ।

यो वायज गोलाकार हुनेछ जसमा हरियो पृष्ठभूमिमा नेपाल स्काउट चिन्ह रहेको हुनेछ । सो चिन्हको तल पट्टि मुस्कान चिन्ह रहनेछ , जसमा हरियो रगंले NEPAL लेखिएको हुनेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।




### ४.६.ख कुमको वायजहरु (Shoulder Badges)


कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ । यो वायज हरियो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ । इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ ।

यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ ।




### ४.६.ग काँध पट्टि (Epaulette)

सबै औपचारिक स्काउट पोशाक(सर्ट, स्वेटर, कोट)मा काँध पट्टि (Epaulette) रहनेछ। यो हरियो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।





### ४.६.घ सेवा चिन्ह (Service Star)

प्याक, स्काउट ट्रुप, भेन्चर ट्रुप तथा क्र्यूमा सदस्यता प्राप्त गरी कब/ब्राउनी, व्वाय/गर्ल स्काउट, भेन्चर स्काउट, रोभर/रेन्जर स्काउट भई स्काउटिङ्ग गरेका कब मास्टर/ब्राउन आवल, व्वाय/गर्ल स्काउटर, भेन्चर स्काउटर, रोभर/रेन्जर लिडरले सक्रिय भूमिका निर्वाह गरेको आधारमा सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।

यो सेवा चिन्ह तहगत वायजसँग मिल्ने पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि सेवा वर्ष उल्लेख गरीएको हुनेछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको ढकनीमा लगाउनु पर्नेछ। दायाँबाट एकै लहरमा बायाँतर्फ खण्ड अनुसार मिलाएर लगाउन सकिने छ ।



# ४.७ भेन्चर व्वाय / गर्ल खण्ड

## तहगत वायज

### ४.७.क प्रवर्तक वायज (Pioneer Badge )




यो वायज भेन्चर ब्वाय गर्ल स्काउट खण्डको दोश्रो तहको वायज हो । यो वायज अण्डाकार (Vertical Oval) हुनेछ जसमा गाढा नीलो पृष्ठभूमिमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ र डाक्टरी गाँठोको ठीक तल पहेंलो रंगले PIONEER लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.७.ख अन्वेषक वायज (Explorer Badge)




यो वायज भेन्चर ब्वाय गर्ल स्काउट खण्डको तेश्रो तहको वायज हो । यो वायज अण्डाकार (Vertical Oval) हुनेछ जसमा गाढा नीलो पृष्ठभूमिमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ र डाक्टरी गाँठोको ठीक तल पहेंलो रंगले EXPLORER लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

### ४.७.ग साहसिक वायज (Adventurer Badge)




यो वायज भेन्चर ब्वाय गर्ल स्काउट खण्डको चौथौं तहको वायज हो । यो वायज अण्डाकार (Vertical Oval) हुनेछ जसमा गाढा नीलो पृष्ठभूमिमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ र डाक्टरी गाँठोको ठीक तल पहेंलो रंगले ADVENTURER लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

## ४.७.घ राष्ट्रपति वायज (President Badge)




यो वायज भेन्चर ब्वाय गर्ल स्काउट खण्डको सबैभन्दा माथिल्लो तहको वायज हो । यो वायज गाढा नीलो रंगको पृष्ठभूमि रहेको आयाताकार हुनेछ । यस वायजमा पहेलों रंगको डाक्टरी गाँठोले आयाताकार बनाइएको घेराभित्र बीचमा माथि पट्टी नेपालको झण्डा, झण्डाको तल पर्ने गरी नेपाल स्काउट चिन्ह र त्यसको तल BE PREPARED लेखिएको मुस्कान चिन्ह हुनेछ । झण्डाको तल्लो भागको वायजबायाँ ओलिभ रुखको पात चिन्हले घेरीएको हुनेछ । वायजको तल्लो भागमा पर्ने डाक्टरी गाँठोको ठीक माथि अंग्रेजीमा सेतो रंगमा PRESIDENT SCOUT लेखिएको हुनेछ ।

यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि नेपाल स्काउटले विशेष समारोहमा प्रदान गर्नेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

## ४.८ पोशाकमा रहने अन्य वायजहरु

### ४.८.क भेन्चर ब्वाय/ गर्ल स्काउट पेट्रोल चिन्ह (Patrol Emblem)




भेन्चर ट्रुप भित्रका अलग अलग पेट्रोलहरुलाई छुट्याउन फरकफरक किसिमको पेट्रोल चिन्ह हुनेछ । भेन्चर ब्वाय स्काउट तर्फ नदी अंकित पेट्रोल चिन्ह र गर्ल स्काउट तर्फ फूल अंकित पेट्रोल चिन्ह हुनेछ । यो चिन्ह गोलाकार सेतो रंगको पृष्ठभूमिमा कालो रंगको चित्र भएको हुनेछ ।

यो पेट्रोल चिन्ह वायज कुमको कुम वायज मुनि लगाउनु पर्नेछ ।

### ४.८.ख दर्ता नम्बर (Registration Number)




नेपाल स्काउटले उपलब्ध गराएको इकाई दर्ता नम्बर वायज कुमको पट्रोल चिन्ह भन्दा ठीक तल लगाउनु पर्नेछ । यो रातो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको चारपाटे आकारको हुनेछ ।


### ४.८.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)



भेन्चर ट्रुप लिडर, पेट्रोल लिडर र सहायक पेट्रोल लिडरका लागि दर्ज्यानी चिन्ह हुनेछ । ब्वाय ट्रुप लिडर, पेट्रोल लिडर र सहायक पेट्रोल लिडरका लागि खाकी रंगको पृष्ठभूमिमा क्रमश: नीलो ३ धर्का, २ धर्का र १ धर्का तथा गर्ल ट्रुप लिडर, पेट्रोल लिडर र सहायक पेट्रोल लिडरका लागि हरियो पृष्ठभूमिमा क्रमश: नीलो ३ धर्का, २ धर्का र १ धर्का भएको दर्ज्यानी चिन्ह हुनेछ । यो दर्ज्यानी चिन्ह स्काउट पोशाकको बायाँ बाहुलाको कफमा लगाउनु पर्नेछ । यो दर्ज्यानी चिन्ह तोकिएको प्रक्रिया पूरा गरेपछि ट्रुप मिटिङको एक समारोहमा प्रदान गरीने छ ।

## ४.८.घ **सेवा चिन्ह** (Service Star)

प्याक तथा ट्रुपमा सदस्यता प्राप्त गरी सक्रिय भूमिका निर्वाह गरेको आधारमा भेन्चर स्काउटले सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।





यो सेवा चिन्ह तहगत वायज रंगसंग मिल्ने पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि सेवा वर्ष उल्लेख गरीएको हुनेछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको  ढकनी माथि लगाउनु पर्नेछ। यस्तो सेवा चिन्हहरु मथिल्लो तहमा पुग्दा पनि लगाउन सकिने छ ।

## ४.८.ङ **काँध पट्टि** (Epaulette)

सबै औपचारिक स्काउट पोशाक(सर्ट, स्वेटर, कोट)मा काँध पट्टि (Epaulette) रहनेछ। यो नीलो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।




## ४.८.च Name Patch

स्काउट पोशाकमा बायाँ खल्तीको ढकनी माथि पट्टि सम्बन्धित स्काउटको नाम लेखिएको Name Patch हुनेछ। यो गाढा नीलो रंगको पृष्ठभूमिमा सेतो रंगले अंग्रेजीमा ठूलो अक्षर मा नाम लेखिएको आयाताकार हुनेछ ।




## ४.८.छ **कुमको वायजहरु** (Shoulder Badges)

कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ। यो वायज नीलो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ। इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ ।




यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ ।

## ४.८.ज पदोन्नति वायज (Progression Badge)



भेन्चर ट्रुप मा रहने अवधि पूरा गरी रोभर रेन्जर खण्डमा जान तयार भएका भेन्चर ब्वाय तथा गर्ल स्काउटलाई विदाईका अवसरमा पदोन्नति वायज (Progression Badge) प्रदान गरीनेछ ।

यो वायज अण्डाकार (Horizontal Oval) नीलो रंगको पृष्ठभूमिमा चराको पखेंटाको बीच भागमा नेपाल स्काउट चिन्ह रहनेछ। दुई पखेटाको विचबाट गएको बाण रातो रंगको हुनेछ ।

यो वायज पदोन्नति समारोह आयोजना गरी सम्बन्धित भेन्चर ब्वाय गर्ल स्काउटलाई प्रदान गरिनेछ र भेन्चर स्काउट लिडरद्धारा रोभर रेन्जर स्काउट लिडरलाई जिम्मा लगाईने छ। यो वायज बायाँ कुमको कुम वायज मुनि ठीक बीचमा पर्नेगरी लगाइने छ।

## ४.८.झ दक्षता वायज (Proficiency Badges)

भेन्चर ब्वाय गर्ल स्काउटले तोकिएको प्रक्रिया पूरा गरी नेपाल स्काउटद्धारा जारी गरीएका दक्षता वायज प्राप्त गर्न सक्नेछन्। दक्षता वायज बायाँ बाहुलामा इकाई नम्बर भन्दा तल पट्टिबाट क्रमशः राख्दै जान सक्नेछन् ।

## ४.९ भेन्चर ब्वाय / गर्ल खण्डको मास्टर वायजहरु

### ४.९.क Venture Boy/Girl Scout Leader

यो भेन्चर ब्वाय गर्ल स्काउट लिडर वायज स्काउट मास्टरले निर्धारित कोर्ष सफलतापूर्वक सम्पन्न गरी दीक्षान्त समारोहमा प्राप्त गर्नेछन् ।

यो वायज अण्डाकार (Vertical Oval) हुनेछ जसमा नीलो पृष्ठभूमिमा नेपाल स्काउट चिन्ह रहेको हुनेछ । सो चिन्हको तल पट्टि मुस्कान चिन्ह रहनेछ , जसमा नीलो रगंले NEPAL लेखिएको हुनेछ । । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।




### ४.९.ख कुमको वायजहरु (Shoulder Badges)


कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ। यो वायज नीलो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ। इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ ।

यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ ।




### ४.९.ग काँध पट्टि (Epaulette)

सबै औपचारिक स्काउट पोशाक(सर्ट, स्वेटर, कोट)मा काँध पट्टि (Epaulette) रहनेछ। यो नीलो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।





### ४.९.घ सेवा चिन्ह (Service Star)

प्याक, स्काउट ट्रुप, भेन्चर ट्रुप तथा क्र्यूमा सदस्यता प्राप्त गरी कब/ब्राउनी, ब्वाय/गर्ल स्काउट, भेन्चर स्काउट, रोभर/रेन्जर स्काउट भई स्काउटिङ्ग गरेका कब मास्टर/ब्राउन आउल, ब्वाय/गर्ल स्काउटर, भेन्चर स्काउटर, रोभर/रेन्जर लिडरले सक्रिय भूमिका निर्वाह गरेको आधारमा सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।

यो सेवा चिन्ह तहगत वायज रंगसंग मिल्ने पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि सेवा वर्ष उल्लेख गरीएको हुनेछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको ढकनीमा लगाउनु पर्नेछ। दायाँबाट एकै लहरमा बायाँतर्फ खण्ड अनुसार मिलाएर लगाउन सकिने छ ।



# ४.१० रोभर/रेन्जर खण्ड

## तहगत वायज

### ४.१०.क स्क्वायर वायज (Squire Badge)

यो वायज रोभर रेञ्जर स्काउट खण्डको दोश्रो तहको वायज हो । यो वायज समभुज त्रिकोण आकारको हुनेछ जसमा रातो पृष्ठभूमिमा हरियो रंगले S चिन्ह रहेको हुनेछ र त्यसको तल सेतो रंगले बायाँ कुनामा R र वायज कुनामा S लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।




### ४.१०.ख रोभर /रेञ्जर वायज (Rover/Ranger Badge)

यो वायज रोभर रेञ्जर स्काउट खण्डको तेश्रो तहको वायज हो । यो वायज समभूज त्रिकोण आकारको हुनेछ जसमा रातो पृष्ठभूमिमा नेपाल स्काउट चिन्ह रहेको हुनेछ र त्यसको तल मुस्कान चिन्हमा पहेंलो रंगले SERVICE लेखिएको हुनेछ र त्यसको तल सेतो रंगले बायाँ कुनामा R र वायज कुनामा S लेखिएको हुनेछ ।

यो वायज बायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।




### ४.१०.ग Sponser Strip

यो स्ट्रिप आयाताकार हुनेछ जसमा रातो पृष्ठभूमिमा सेतो रंगले SPONSER लेखिएको हुनेछ । निर्धारित युवा कार्यक्रम अनुसार दक्षता प्राप्त गरेपछि यो स्ट्रिप प्राप्त गर्न सकिने छ ।

यो स्ट्रिप रोभर वायजको ठीक मुनि लगाउनु पर्दछ ।




### ४.१०.घ सेवा अवधि (Service Period)

यो स्ट्रिप आयाताकार हुनेछ जसमा रातो पृष्ठभूमिमा सेतो रंगले SERVICE लेखिएको हुनेछ। निर्धारित युवा कार्यक्रम अनुसार दक्षता प्राप्त गरेपछि यो स्ट्रिप प्राप्त गर्न सकिने छ ।

यो स्ट्रिप रोभर/रेञ्जर वायजको ठीक मुनि लगाउनु पर्दछ ।



## ४.१०.ङ नेतृत्व विकास अवधि (Leadership Development Period)

यो स्ट्रिप आयाताकार हुनेछ जसमा रातो पृष्ठभूमिमा सेतो रंगले LEADERSHIP लेखिएको हुनेछ । निर्धारित युवा कार्यक्रम अनुसार दक्षता प्राप्त गरेपछि यो स्ट्रिप प्राप्त गर्न सकिने छ ।




यो स्ट्रिप रोभर वायजको ठीक मुनि लगाउनु पर्दछ ।

## ४.१०.च राष्ट्रपति वायज (President Badges)

यो वायज रोभर रेञ्जर स्काउट खण्डको सबैभन्दा माथिल्लो तहको वायज हो । यो वायज रातो रंगको पृष्ठभूमि रहेको आयाताकार हुनेछ । यस वायजमा पहेलों रंगको डाक्टरी गाँठोले आयाताकार बनाइएको घेराभित्र बीचमा माथि पट्टि नेपालको झण्डा, झण्डाको तल पर्ने गरी नेपाल स्काउट चिन्ह र त्यसको तल BE PREPARED लेखिएको मुस्कान चिन्ह हुनेछ । झण्डाको तल्लो भागको वायजबायाँ ओलिभ रुखको पात चिन्हले घेरिएको हुनेछ । वायजको तल्लो भागमा पर्ने डाक्टरी गाँठोको ठीक माथि अंग्रेजीमा PRESIDENT SCOUT लेखिएको हुनेछ




यो वायज निर्धारित युवा कार्यक्रम पूरा गरेपछि नेपाल स्काउटले विशेष समारोहमा प्रदान गर्नेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।

# ४.११ पोशाकमा रहने अन्य वायजहरु

## ४.११.क टिम चिन्ह (Team Emblem)

रोभर रेन्जर क्र्यु भित्रका अलग अलग टिमहरुलाई छुट्याउन फरकफरक किसिमको टिम चिन्ह हुनेछ । रोभर स्काउट तर्फ हिमाल अंकित टिम चिन्ह र रेञ्जर स्काउट तर्फ राष्ट्रिय विभूति अंकित टिम चिन्ह हुनेछ । यो चिन्ह गोलाकार सेतो रंगको पृष्ठभूमिमा कालो रंगको चित्र भएको हुनेछ ।






यो टिम चिन्ह वायज कुमको कुम वायज मुनि लगाउनु पर्नेछ ।

## ४.११.ख दर्ता नम्बर (Registration Number)

नेपाल स्काउटले उपलब्ध गराएको इकाई दर्ता नम्बर वायज कुमको टिम चिन्ह भन्दा ठीक तल लगाउनु पर्नेछ । यो रातो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको चारपाटे आकारको हुनेछ ।



### ४.११.ग दर्ज्यानी चिन्ह (Ladder of Rank)

सिनियर टिम मेट, टिम मेट र सहायक टिम मेटका लागि दर्ज्यानी चिन्ह हुनेछ । ब्वाय सिनियर टिम मेट, टिम मेट र सहायक टिम मेट लागि खाकी रंगको पृष्ठभूमिमा क्रमशः रातो ३ धर्का, २ धर्का र १ धर्का तथा गर्ल सिनियर टिम मेट, टिम मेट र सहायक टिम मेटका लागि हरियो पृष्ठभूमिमा क्रमशः रातो ३ धर्का, २ धर्का र १ धर्का भएको दर्ज्यानी चिन्ह हुनेछ । यो दर्ज्यानी चिन्ह स्काउट पोशाकको बायाँ बाहुलाको कफमा लगाउनु पर्नेछ । यो दर्ज्यानी चिन्ह तोकिएको प्रक्रिया पूरा गरेपछि क्रयु मिटिङको एक समारोहमा प्रदान गरीने छ ।



### ४.११.घ सेवा चिन्ह (Service Star)

प्याक, ट्रुप तथा भेन्चर ट्रुपमा सदस्यता प्राप्त गरी सक्रिय भूमिका निर्वाह गरेको आधारमा भेन्चर स्काउटले सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।


यो सेवा चिन्ह तहगत वायज रंगसंग मिल्ने पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि सेवा वर्ष उल्लेख गरीएको हुनेछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको ढकनी माथि लगाउनु पर्नेछ । यस्तो सेवा चिन्हहरु मथिल्लो तहमा पुग्दा पनि लगाउन सकिने छ ।




### ४.११.ङ काँध पट्टि (Epaulette)

सबै औपचारिक स्काउट पोशाक(सर्ट, स्वेटर, कोट)मा काँध पट्टि (Epaulette) रहनेछ । यो रातो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।




### ४.११.च Name Patch

स्काउट पोशाकमा बायाँ खल्तीको ढकनी माथि पट्टि सम्बन्धित स्काउटको नाम लेखिएको Name Patch हुनेछ । यो गाढा नीलो रंगको पृष्ठभूमिमा सेतो रंगले अंग्रेजीमा ठूलो अक्षर मा नाम लेखिएको आयाताकार हुनेछ ।



## ४.११.छ कुमको वायजहरु (Shoulder Badges)

कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ। यो वायज रातो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ। इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ।




यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ।

## ४.११.च दक्षता वायज (Proficiency Badges)

रोभर रेन्जर स्काउटले तोकिएको प्रक्रिया पूरा गरी नेपाल स्काउटद्धारा जारी गरीएका दक्षता वायज प्राप्त गर्न सक्नेछन्। दक्षता वायज बायाँ बाहुलाको इकाई नम्बर भन्दा तल पट्टिबाट क्रमशः राख्दै जान सक्नेछन्।

## ४.१२ रोभर/रेन्जर खण्डको मास्टर वायजहरु

### ४.१२.क Rover/Ranger Scout Leader Badge

यो रोभर रेन्जर स्काउट लिडर वायज स्काउट मास्टरले निर्धारित कोर्ष सफलतापूर्वक सम्पन्न गरी दीक्षान्त समारोहमा प्राप्त गर्नेछन् ।

यो वायज गोलाकार हुनेछ जसमा रातो पृष्ठभूमिमा नेपाल स्काउट चिन्ह रहेको हुनेछ । सो चिन्हको तल पट्टि मुस्कान चिन्ह रहनेछ , जसमा रातो रगंले NEPAL लेखिएको हुनेछ । यो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाईको ठीक बीचको प्लेट माथि लगाउनु पर्दछ ।




### ४.१२.ख कुमको वायजहरु (Shoulder Badges)


कुमको सिलाई भन्दा ठीक तल स्थानीय तह र इकाईको नाम लेखिएको कुम वायजहरु लगाउनु पर्नेछ । यो वायज रातो पृष्ठभूमिमा सेतो अक्षरले लेखिएको धनुषाकारको हुनेछ । इकाईको नाम लेखिएको कुम वायज वायज कुममा र स्थानीय तहको नाम लेखिएको कुम वायज बायाँ कुममा हुनु पर्नेछ ।

यो वायजमा दुवैपट्टि नेपाली वा दुवैपट्टि अंग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ ।




### ४.१२.ग काँध पट्टि (Epaulette)

सबै औपचारिक स्काउट पोशाक(सर्ट, स्वेटर, कोट)मा काँध पट्टि (Epaulette) रहनेछ । यो रातो रंगको हुनेछ । यसमा नेपाल स्काउटको लोगो हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।





### ४.१२.घ सेवा चिन्ह (Service Star)

प्याक, स्काउट ट्रुप, भेन्चर ट्रुप तथा क्र्यूमा सदस्यता प्राप्त गरी कब/ब्राउनी, ब्वाय/गर्ल स्काउट, भेन्चर स्काउट, रोभर/रेन्जर स्काउट भई स्काउटिङ्ग गरेका कब मास्टर/ब्राउन आवल, ब्वाय/गर्ल स्काउटर, भेन्चर स्काउटर, रोभर/रेन्जर लिडरले सक्रिय भूमिका निर्वाह गरेको आधारमा सेवा चिन्ह प्राप्त गर्न सक्नेछन् ।

यो सेवा चिन्ह तहगत वायज रंगसंग मिल्ने पृष्ठभूमिको गोलाकार भित्र सुनौलो रंगको षट्कोण र षट्कोणको बीचमा नेपाल स्काउटको चिन्ह रहेको हुनेछ । षट्कोणको माथि पट्टि सेवा वर्ष उल्लेख गरीएको हुनेछ ।

यो सेवा चिन्ह दायाँ खल्तीको ढकनीमा लगाउनु पर्नेछ । दायाँबाट एकै लहरमा बायाँतर्फ खण्ड अनुसार मिलाएर लगाउन सकिने छ ।



# परिच्छेद - ५

# आयुक्त तथा पदाधिकारीहरुका वायजहरु
(Badges of Commissioners and Executives)

## ५.१ संरक्षकको वायज

नेपाल स्काउटको संरक्षकको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ ८ किरण भएको सेतो चन्द्रमा र वायजतर्फ १२ किरण भएको सेतो सूर्य रहेको हुनेछ। नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ।




सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ।

## ५.२ प्रमुख स्काउटको वायज

नेपाल स्काउटको प्रमुख स्काउटको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ ८ किरण भएको सेतो चन्द्रमा रहेको हुनेछ। नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ।
सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ।




## ५.३ प्रमुख आयुक्तको वायज

नेपाल स्काउटको प्रमुख आयुक्तको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ पहेंलो रंगको हाते स्काउट चिन्ह रहेको हुनेछ। नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ।
सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ।




## ५.४ राष्ट्रिय स्तरका आयुक्तहरु, राष्ट्रिय सचिव, निर्देशक एवं कार्य समिति सदस्यको वायज

नेपाल स्काउटका राष्ट्रिय स्तरका आयुक्तहरु, राष्ट्रिय सचिव(निर्देशक) एवं कार्य समिति सदस्यको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह र त्यसको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ।




सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ।

## ५.५ राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक, राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको वायज



नेपाल स्काउटका राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक, राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ । यस वायजमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।

महिला प्रशिक्षकको हकमा पिन वायज पनि रहनेछ ।

## ५.६ प्रदेश स्काउठ संरक्षकको वायज




नेपाल स्काउटको प्रदेश संरक्षकको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा सुगा हरियो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ ८ किरण भएको सेतो चन्द्रमा र वायजतर्फ १२ किरण भएको सेतो सूर्य रहेको हुनेछ । नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ।

## ५.७ प्रदेश प्रमुख स्काउठ




नेपाल स्काउट प्रदेश प्रमुख स्काउटको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा सुगा हरियो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ ८ किरण भएको सेतो चन्द्रमा रहेको हुनेछ। नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।

## ५.८ प्रदेश प्रमुख आयुक्त




नेपाल स्काउट प्रदेश प्रमुख आयुक्तको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ। यस वायजमा सुगा हरियो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ पहेंलो रंगको हाते स्काउट चिन्ह रहेको हुनेछ। नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ।

## ५.९ प्रदेश आयुक्त पदाधिकारीहरु एवं सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको वायज

नेपाल स्काउट प्रदेश आयुक्त पदाधिकारीहरु एवं सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ । यस वायजमा सुगा हरियो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ ।

सो वायज दायाँ खल्तीको  ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।



## ५.१० स्थानीय स्काउट संरक्षकको वायज

नेपाल स्काउटको स्थानीय संरक्षकको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ । यस वायजमा सेतो रंगको डाक्टरी गाँठोको घेराभित्र बीचमा नेपाल स्काउट चिन्ह र त्यसको बायाँतर्फ ८ किरण भएको सेतो चन्द्रमा र वायजतर्फ १२ किरण भएको सेतो सूर्य रहेको हुनेछ । नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।




## ५.११ स्थानीय प्रमुख स्काउट

नेपाल स्काउट स्थानीय प्रमुख स्काउटको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ । यस वायजमा सेतो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह र त्यसको बायाँतर्फ ८ किरण भएको सेतो चन्द्रमा रहेको हुनेछ । नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।




## ५.१२ स्थानीय प्रमुख आयुक्त

नेपाल स्काउट स्थानीय प्रमुख आयुक्तको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ । यस वायजमा सेतो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह, त्यसको बायाँतर्फ पहेंलो रंगको हाते स्काउट चिन्ह रहेको हुनेछ। नेपाल स्काउट चिन्हको ठीक मुनि सेतो रंगको मुस्कान चिन्ह रहेको हुनेछ र मुस्कान चिन्हमा प्याजी रंगले तयार होऊ लेखिएको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।



## ५.१३ स्थानीय आयुक्त पदाधिकारीहरु एवं सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको वायज

नेपाल स्काउट स्थानीय आयुक्त पदाधिकारीहरु एवं सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको वायज प्याजी रंगको पृष्ठभूमि भएको बृत्ताकार हुनेछ । यस वायजमा सेतो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ ।

सो वायज दायाँ खल्तीको ढकनीको टुप्पो र तल्लो सिलाइको ठीक बीचमा लगाउनु पर्दछ ।




## ५.१४ नेपाल स्काउटका प्रमुख संरक्षक, संरक्षक, प्रमुख स्काउट, राष्ट्रिय तहका आयुक्त पदाधिकारी, राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको कुमको वायजहरु (Shoulder Badges)

नेपाल स्काउटका प्रमुख संरक्षक, संरक्षक, प्रमुख स्काउट, राष्ट्रिय तहका सबै आयुक्त तथा पदाधिकारी, राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुले स्काउट पोशाकमा कुम वायज लगाउन अनिवार्य हुनेछ ।
सो कुम वायज प्याजी रंगको पृष्ठभूमि भएको धनुषाकारको हुनेछ। वायजमा पहेंलो रंगको अक्षरले वायजतर्फ अंग्रेजीमा NEPAL SCOUTS र बायाँतर्फ नेपालीमा नेपाल स्काउट लेखिएको हुनेछ भने वायजको किनारा पहेंलो रंगको हुनेछ ।




## ५.१५ नेपाल स्काउटका प्रमुख संरक्षक, संरक्षक, प्रमुख स्काउट, राष्ट्रिय तहका आयुक्त पदाधिकारी, राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको काँध पट्टि (Epaulette)

नेपाल स्काउटका प्रमुख संरक्षक, संरक्षक, प्रमुख स्काउट, राष्ट्रिय तहका सबै आयुक्त तथा पदाधिकारी, राष्ट्रिय प्रशिक्षक, सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुले औपचारिक स्काउट पोशाक (सर्ट, कोट) मा काँध पट्टि (Epaulette) रहनेछ । यो प्याजी रंगको हुनेछ । यसमा पहेंलो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।



### ५.१६ प्रदेश स्काउटका संरक्षक, प्रदेशका प्रमुख स्काउट, प्रदेशका सबै आयुक्त पदाधिकारी र प्रदेश सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको कुमको वायजहरु (Shoulder Badges)


प्रदेश स्काउटका संरक्षक, प्रदेशका प्रमुख स्काउट, प्रदेशका सबै आयुक्त पदाधिकारी र प्रदेश सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुहरुले स्काउट पोशाकमा कुम वायज लगाउन अनिवार्य हुनेछ ।

सो कुम वायज प्याजी रंगको पृष्ठभूमि भएको धनुषाकारको हुनेछ । वायजमा हरियो रंगको अक्षरले वायजतर्फ नेपालीमा नेपाल स्काउट र बायाँतर्फ नेपालीमा प्रदेशको नाम लेखिएको हुनेछ भने वायजको किनारा हरियो रंगको हुनेछ ।




### ५.१७ प्रदेश स्काउटका संरक्षक, प्रदेशका प्रमुख स्काउट, प्रदेशका सबै आयुक्त पदाधिकारी र प्रदेश सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको काँध पट्टि (Epaulette)

प्रदेश स्काउटका संरक्षक, प्रदेशका प्रमुख स्काउट, प्रदेशका सबै आयुक्त पदाधिकारी र प्रदेश सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुहरु सबैले औपचारिक स्काउट पोशाक (सर्ट, कोट) मा काँध पट्टि (Epaulette) रहनेछ । यो प्याजी रंगको हुनेछ । यसमा हरियो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।




### ५.१८ स्थानीय स्काउटका संरक्षक, स्थानीय तहका प्रमुख स्काउट, स्थानीय तहका सबै आयुक्त पदाधिकारी र स्थानीय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको कुमको वायजहरु (Shoulder Badges)


स्थानीय स्काउटका संरक्षक, स्थानीयका तहका प्रमुख स्काउट, स्थानीयका सबै आयुक्त पदाधिकारी र स्थानीय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुले स्काउट पोशाकमा कुम वायज लगाउन अनिवार्य हुनेछ ।

सो कुम वायज प्याजी रंगको पृष्ठभूमि भएको धनुषाकारको हुनेछ । वायजमा सेतो रंगको अक्षरले वायजतर्फ नेपालीमा नेपाल स्काउट र बायाँतर्फ नेपालीमा आफू दर्ता भएको स्थानीय पालिकाको नाम लेखिएको हुनेछ भने वायजको किनारा सेतो रंगको हुनेछ ।




### ५.१९ स्थानीय स्काउटका संरक्षक, स्थानीय तहका प्रमुख स्काउट, स्थानीय तहका सबै आयुक्त पदाधिकारी र स्थानीय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुको काँध पट्टि (Epaulette)

स्थानीय स्काउटका संरक्षक, स्थानीय तहका प्रमुख स्काउट, स्थानीयका सबै आयुक्त पदाधिकारी र स्थानीय सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुले औपचारिक स्काउट पोशाक (सर्ट, कोट) मा काँध पट्टि (Epaulette) रहनेछ । यो प्याजी रंगको हुनेछ । यसमा सेतो रंगको डाक्टरी गाँठोको घेराभित्र नेपाल स्काउट चिन्ह रहेको हुनेछ र त्यसको दुईतर्फ N र S लेखिएको हुनेछ ।



## ५.२० Name Patch

सबै तहका संरक्षक, प्रमुख स्काउट, आयुक्त पदाधिकारी, सल्लाहकार सभाका अध्यक्ष तथा सदस्यहरुले र राष्ट्रिय प्रशिक्षक तथा सहायक राष्ट्रिय प्रशिक्षकहरुको स्काउट पोशाकमा Name Patch हुनेछ ।
यो Patch मा माथिल्लो लहरमा सम्बन्धितको नाम र तल्लो लहरमा पद लेखिएको हुनेछ। यो Patch प्याजी रंगको पृष्ठभूमिमा सेतो रंगले लेखिएको आयाताकार हुनेछ। यो Patch बायाँ खल्तीको ढकनी माथि पट्टि लगाइने छ ।




## ५.२१ Trainers Patch

नेपाल स्काउटका राष्ट्रिय प्रशिक्षक तथा सहायक राष्ट्रिय प्रशिक्षकहरुले स्काउट पोशाकमा आफुले प्राप्त गरेको प्रशिक्षक योग्यता अनुसारको Trainers Patch अनिवार्य लगाउनु पर्नेछ ।

पुरुष प्रशिक्षकका लागि खाकी रंग (Gilwell Scarf Colour) को पृष्ठभूमिमा काठको मुढो माथि एकछेउमा बिंड भएको बन्चरो गाडिएको र बन्चरोको बिंड माथिपट्टिबाट मुढा तलसम्म बिड्सको डोरीमा बिड्स झुण्डिएको हुनेछ। राष्ट्रिय प्रशिक्षकले चारवटा बिड्स अंकित Patch र सहायक राष्ट्रिय प्रशिक्षकले तीनवटा बिड्स अंकित Patch लगाउनु पर्नेछ। यो Patch वायज कुम वायजको ठीक तल पर्ने गरी लगाउनु पर्नेछ।



महिला प्रशिक्षकहरुका लागि आकाशे नीलो रंगको पृष्ठभूमिमा सुनौलो रंगको WAGGGS को लोगो र लोगोको ठीक तल Certificate वा Diploma लेखिएको Patch हुनेछ । Diploma योग्यता प्राप्त प्रशिक्षकहरुले Trainer's Pin Badge दायाँ खल्तीको ढकनी माथि लगाउनु पर्नेछ ।

